घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४५५
www.ghorahimun.gov.np

पं.सं. : ०८०।०८१ मिति :२०८०।०५।१७

च.न : ८८८

बिषयः सूचनाको छाँयाकपी पठाईएको सम्बन्धमा ।

श्री वडा कार्यालयहरु
सबै ।

प्रस्तुत विषयमा राष्ट्रिय भूमि आयोग ताहाचल काठमाडौंको मिति २०८०।०५।१७ गते गोरखापत्रमा प्रकाशित सूचनाको छाँयाकपी यसै पत्र साथ संलग्न राखी पठाईएको छ । सो सूचना ताँहा वडाको सूचना पाटीमा टाँसगरी मुचुल्का सहितको जानकारी राष्ट्रिय भूमि आयोग जिल्ला समिति दाङमा पठाईदिनुहुन अनुरोध छ । साथै उक्त सूचना बमोजिमको निवेदन तोकिएको समयभित्र पेश गर्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

२०८०।०५।१८
देवराज अधिकारी
ईकाई प्रमुख

# राष्ट्रिय भूमि आयोग

ताहाचल, काठमाडौं

फोन नं. ०१-५३१३९३६/५३१३९३२


## जग्गाको स्वामित्व, दर्ता श्रेस्ता, फिल्डबुक प्रमाणितलगायतका विषयमा निवेदन दिनेसम्बन्धी ३५ (पैंतीस) दिने सूचना !

प्रकाशित मिति : २०८०/०५/१७ गते

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानुनबमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्सा प्रमाणितलगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।